नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

मितिः २०७८/१०/१८

## प्रेस विज्ञप्ती

**राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धी मुद्दा उच्च अदालत पाटनमा मिति २०७८।१०।१८ गते दायर गरिएको ।**

१. **अभियुक्तको विवरणः**

- जिल्ला काठमाण्डौ, काठमाण्डौ म.न.पा. वार्ड नम्बर ७, चुच्चेपाटी बस्ने ब्रिङ मिडिया डिष्ट्रिव्यूसन प्रा.लि. (स्था.ले.नं. ६०४३६१५२१) का सञ्चालक चन्द्रबहादुर अधिकारी
- जिल्ला काठमाण्डौ, काठमाण्डौ म.न.पा. वार्ड नं. १० बस्ने स्टार ईण्डिया प्रा.लि. भारतका आधिकारीक बिक्रेता जुपिटर मिडिया प्रा.लि., भारतका प्रोप्राईटर अञ्जली अरोरा
- जिल्ला काठमाण्डौ, काठमाण्डौ म.न.पा. वार्ड नम्बर १० बस्ने ब्रिङ मिडिया डिष्ट्रिव्यूसन प्रा.लि. का व्यवस्थापक सुरेन्द्र क्षेत्री
- जिल्ला काठमाण्डौ, काठमाण्डौ म.न.पा. वार्ड नम्बर १० बस्ने ब्रिङ मिडिया डिष्ट्रिव्यूसन प्रा.लि. का व्यवस्थापक सुमन क्षेत्री

२. **कसूरको संक्षिप्त विवरणः** ब्रिङ मिडिया डिष्ट्रिव्यूसन प्रा.लि. (स्था.ले.नं. ६०४३६१५२१) ले विभिन्न फर्म/कम्पनीहरु बस्तु तथा सेवा वेगरको कर विजक मात्र लिई, आफूले ब्यवसायिक रुपमा गरेका सम्झौता अनुसारको प्राप्त हुने ब्यवसायिक आयलाई लुकाई छिपाई बास्तविक कारोबारमा समावेश नगरी, ब्यवसायिक कारोबारका लागि प्रा.लि. को नाममा खोलिएका बैंक खातामा जम्मा भएको रकमलाई वास्तविक कारोबारमा समावेश नगरी देखाउनु पर्ने बास्तविक कारोबार नदेखाई र नपाउने खर्च समेत दावी गरी मूल्य अभिबृद्धि कर तर्फ क्रेडिट दाबी र आयकर तर्फ खर्च दाबी गरी मूल्य अभिबृद्धि कर तथा आयकर छली गरेको ।

३. **कायम भएको बिगो र सजायको मागदावीः** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (क), (ज) र (झ) बमोजिम कसूर गरेको पुष्टि भएकोले सोही ऐनको दफा दफा २ (छ१) (क) र (ख) बमोजिमको मूल्य अभिबृद्धि कर रकम रु. ६,११,५५,५१८।-, लाभांस कर समेत आयकरतर्फ रकम रु. १२,१६,२८,२३७।- समेत गर्दा हुन आउने कूल राजस्व रकम **रु. १८,२७,८३,७५२।- (अक्षरुपी अठार करोड सत्ताईस लाख त्रियासी हजार सात सय बाउन्न मात्र)** कायम गरी सोही ऐनको दफा २३(१) बमोजिम विगो असूल गरी बिगोको शत प्रतिशत जरिवाना र दफा २३(१) को खण्ड (घ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा २३(४) बमोजिम व्याजसमेत भराई पाउन समेतको मागदावी लिई लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | १. चन्द्र बहादुर अधिकारी<br>२. अञ्जली अरोरा<br>३. सुमन क्षेत्री<br>४. सुरेन्द्र क्षेत्री | रु.१८,२७,८३,७५२।- | रु.१८,२७,८३,७५२।- | रु.३६,५५,६७,५०४।- |

सूचना अधिकारी

राजस्व अनुसन्धान विभाग